# पाचौ परिषद्बाट पारित निर्णयहरु २०७३ पौष २४ गते

**निर्णय नं.१**

पुरानो नापी भई नक्सा कायम भएका कुलो, सार्वजनिक सरकारी खोल्चाहरु ल्गायत सरकारी जग्गाहरु र सार्वजनिक बाटो रेखाङकन गरी सार्वजनिकरण गर्न नापी कार्यालय र मालपोत कार्यालय सँगको प्राविधिक सहयोग र साझेदारीमा न.पा. द्धारा चालु आ.व. र आगामी आ.व. मा सार्वजनिक जग्गा रेखाङकन,सिमाङकन एवं अभिलेखिकरण कार्य अघि बढाउने निर्णय गरियो ।

**निर्णय नं.२**

यस नगर क्षेत्रको वि.स.२०३१ सालमा नापि भएकोमा हाल उक्त नापनक्सा र भोगचलनमा फरक पर्न गैइरहेकोले यस न.पा. क्षेत्रको पुनः नापी गर्न सम्बन्धित निकाय समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं.३**

यस नगर क्षेत्र भित्र छाडा कुकुर(सामुदायिक कुकुर) हरुको अनियन्त्रित प्रजनन् रोक्न पशु सेवा कार्यालय, म.न.पा. र सम्बन्धित संघ–संस्थाहरुको संयुक्त साझेदारीमा सामुदायिक कुकुरको बन्ध्याकरण कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं.४**

यस नगरपालिका मा व्यवस्थित बधस्थल निर्माण गर्न पशु पंक्षी बजार प्रवर्धन निर्देशानलय समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं.५**

यस नगरपालिका वडा नं.२ स्थित हाटेचौरमा रहेको हाटबजार लाई कृषि विकास कार्यालय, पशु सेवा कार्यालय, नगरपालिका को संयुक्त साझेदारीमा हाट बजार व्यवस्थापन गर्ने निर्णय गरियो ।

**निणय नं.६**

यस नगरक्षेत्रको तिनतले होटल जोड्ने बसपार्क सम्मको सडक किनारको जग्गामा नगरविकास समिति सँग समन्वय गरी अस्थायी संरचना तयार गरी कृषि विकास कार्यालयको साझेदारीमा कृषि बजार संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं.७**

नगर क्षेत्रको को कृषि व्यवसाय आधुनिकिकरण गर्न मिनी टेलर, पावर टेलर लगायत आधुनिक कृषि उपकरणको व्यवस्था गर्न नगरपालिका र कृषि विकास कार्यालय बिच समन्वय गर्ने निर्णय गरियो ।

**निर्णय नं.८**

नगरपालिका सम्बन्धित निकाय सँगको साझेदारी र समन्वयमा अघि बढाएको वृक्षारोपण कार्यक्रम लाई निरन्तरता दिने जिल्ला वन कार्यालय, पशु सेवा कार्यालयको साझेदारी एवं न.पा.को सहयोगमा बहुवर्षिय नर्सरी स्थापना गर्ने निर्णय गरियो ।

**निर्णय नं.९**

यस नगर क्षेत्र भित्रको घना बस्ती क्षेत्रमा रहेका बंगुरपालन फर्महरुको जिल्ला पशु सेवा कार्यालय, घरेलु विकास समिति र नगरपालिकाको संयुक्त सहभागितामा अनुगमन गर्न जिल्ला प्रशासन कार्यालय समक्ष समन्वयको लागि अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं.१०**

नगरक्षेत्र भित्र गै.स.स. वाट सञ्चालन गरिने कार्यक्रम सञ्चालन पुर्व नगरपालिका समक्ष छलफल गरी अन्तिम रुप दिने र यस्तो कार्यक्रम सञ्चालन गर्न नगरपालिकाले समेत सहयोग गर्ने निर्णय गरियो ।

**निर्णय नं.११**

नगरपालिका को क्रममा बस्ती तहवाट माग भै आएका योजना कार्यान्वयनमा गै.स.स. हरुवाट समेत अनुरोध बमोजिम आफना कार्यक्रममा समावेश गर्न अधिकतम प्रयास गर्ने गर्ने निर्णय गरियो ।

**निर्णय नं.१२**

नगरपालिका सँग समन्वय नभएका एवं नगरविकास योजना समावेश नभएका योजनाहरु कार्यान्वयन सम्बन्धमा नगरपालिकावाट समन्वय एवं सहयोग नगर्ने गर्ने निर्णय गरियो ।

**निर्णय नं.१३**

नगरक्षेत्र भित्र चालु आ.व. र आगामी आ.व.मा आयोजना हुने कार्यक्रम यही मिति २०७३/०९/१० गते भित्र उपलब्ध गराउने उपरोक्त कार्यक्रम नगरपालिका को वार्षिक कार्यक्रममा समावेश गरी समन्वयात्मक रुपमा योजना कार्यन्वयन सञ्चालन गर्ने गर्ने निर्णय गरियो ।

**निर्णय नं १४**

नगरपालिकाको समन्वयमा CDS मार्फत सञ्चालित म.न.पा.१३ स्थित बडिमुहान क्षेत्रको खानेपानी योजना पुरा गर्न मन्थली न.पा.,CDS र खानेपानी तथा सरसफाई डिभिजन कार्यालय को संयुक्त छलफल गरी तिनै निकायको पहलमा चालु आ.व. मा पुरा गर्न अधिकतम प्रयास गर्ने गर्ने निर्णय गरियो ।

**निर्णय नं.१५**

यस नगरपालिकामा विद्युत विस्तार हुन बाँकी रहेका वडाहरुमा नगरपालिका र नेपाल विद्युत प्राधिकरण को साझेदारीमा र समन्वयमा विद्युत लाइन विस्तार गर्ने निर्णय गरियो ।

**निर्णय नं.१६**

नगरस्तरीय कार्यक्रमबाट नपुग भएमा सम्बनधित केन्द्रिय निकाय हरु समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं.१७**

यस नगरक्षेत्रमा खानेपानीको समस्या विकराल रहेको हुँदा खानेपानी तथा सरसफाई डिभिजन कार्यालय र मन्थली नगरपालिका एवं अन्य सम्बन्धित निकायहरुको सहयोग एवं साझेदारीमा सबै वडाहरुमा आधारभुत खानेपानी सुविधा पुयाउने यसका लागि खानेपानी तथा सरसफाई डिभिजन कार्यालयको चालु आ.व.र आगामी आ.व.को कार्यक्रम नगरपालिकामा पठाई योजनामा समन्वय कायम गर्ने निर्णय गरियो ।

**निर्णय नं.१८**

ल्यान्ड फिल्डसाइडको लागि प्रारम्भिक निरिक्षण गरिएको मन्थली नगरपालिका १३ को बढिमुहान क्षेत्रमा प्रमुख जिल्ला अधिकारी, जिल्ला वन अधिकृत, खानेपानी डिभिजन, शहरी विकास, नगरविकास, राजनैतिकदल समेतको टोली बाट थप निरिक्षण गरी ल्यान्डफिल्डसाइडको व्यवस्थापन कार्य अघि बढाउने फोहोर मैला प्राविधिक केन्द्र समक्ष उत्पादनिक फोहोर  व्यवस्थापन केन्द्र निमार्णको लागी अनुरोध गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं.१९**

शहरी विकास तथा भवन डिभिजन कार्यालय बाट डिजाइन भएको मन्थली बसपार्क डिजायन बमोजिम मन्थली नगरपालिका र शहरी विकास तथा भवन डिभिजन कार्यालय बाट चालु आ.व.मा नै दुवै निकायको ५०/५० लाख गरी जम्मा १ करोड वरावर को निर्माण कार्य अघि बढाउने एवं थप निर्माणको लागि दुवै निकाय  बाट आवश्यक बजेट व्यवस्थाको लागि पहल गर्ने निर्णय गरियो ।

**निर्णय नं.२०**

यस नगरक्षेत्रमा हाल सम्म एउटा पनि व्यवस्थित सभा हल नभएकोले नगर भित्रका उपयुक्त आकाशे गेट नजिकको सुविधा सम्पन्न नगर सभाहल निर्माण गर्न सम्वन्धित केन्द्रीय निकाय समक्ष अनुरोध गरि पठाउने निर्णय गरियो ।

**निर्णय नं.२१**

चालु आ.व. एवं आगामी आ.व.मा यस नगरक्षेत्रका कृषि योग्य भुमि मध्ये कृषि विकास कार्यालय, सिंचाई डिभिजन कार्यालय, मन्थली नगरपालिका, गै.स.स. एवं उपभोक्ता समिती समेतको समन्वय एवं साझेदारीमा आवश्यकता पहिचान गरी प्राथमिकताको आधारमा सिंचाई योजना कार्यन्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं.२२**

जेष्ठ नागरिकहरु मध्येवाट पनि जेष्ठताको आधारमा सम्मान गर्नको लागि रकम उपलब्ध गरी निरन्तरता दिने निर्णय गरियो । चालु आ.व का टर्च र लौरो प्रदान गरि सम्मान गर्ने निर्णय गरियो ।

**निर्णय नं. २३**

महिला स्वयमसेविका हरुका लागि औषधि राख्नको लागि दराज उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. २४**

आमा समूह सञ्जालका महिला हरुले सुत्केरी भएका महिला हरुलाई ज्वानोको झोल र बच्चाहरुलाई कपडा समेत दिने गरेकोमा उक्त कार्यलाई निरन्तरता कायम गर्ने निर्णय गरियो ।

**निर्णय नं. २५**

नगरपालिका स्तरीय दलित समुदायहरुविच समन्वय गरी छात्रवृतिको व्यवस्था झोला र ड्रेस तथा आर्थिक रुपमा विपन्न भएका दलित तथा जनजातिका बालवालिका लाई चेतनामुलक कार्यक्रमको लागि बजेट उपलब्ध तथा समन्वय नेपाल राष्टिय दलित समाज कल्याण संघले गर्ने निर्णय गरियो ।

**निर्णय नं. २६**

जेष्ठ नागरिक प्रस्तावित पितृ स्मृतीपार्क भित्र वृद्धवृद्धा हरुको लागि ल्बक निर्माण गरी उपयुक्त संरचना निर्माण गर्ने निर्णय गरियो ।

**निर्णय नं. २७**

खेलकुद क्षेत्रको विकास गर्नका लागि नगरविकास खेलकुद विकास समिति गठन गर्ने नगरपालिकावाट बजेट छुट्याई सो समिति मार्फत नगर खेलकुद विकास को कार्य गर्ने निर्णय गरियो ।

**निर्णय नं. २८**

अपाङ्गता भएका व्यक्तिहरु मध्ये आथिृक रुपमा विपन्नता भएका व्यक्ति हरुका लागि सहयोगि साधनहरुको व्यवस्था गर्ने निर्णय गरियो ।

**निर्णय नं. २९**

नगरक्षेत्र भित्रका फरक क्षमता भएका व्यक्तिहरुको जिल्ला अपाङ्ग सचेतना सेवा केन्द्र नगर अपाङ समन्वय समिति मार्फत तथ्याङक संकलन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३०**

अपाङ्गता भएका व्यक्तिहरुको लागि सिप मुलक तालिमको व्यवस्था गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३१**

नगरक्षेत्र भित्र रहेका अपाङ्ग बालबालिकाहरुको लागि शिक्षा कोष स्थापना गरी उनीहरुको अध्ययनमा सहयोग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३२**

भू-उपयोग योजनामा उल्लेखित प्रावधानहरुलाई विषयगत मन्त्रालय तथा अन्तर्गत कार्यालयहरु लगायतका सरोकारवाला निकायहरुसँग आपसी समन्वय साझेदारी एवं सहकार्य गर्दै लागु गर्ने निर्णय गरीयो । यसको लागी उक्त नितिमा भए अनुसार एक कार्यदल गठन गरी अगाडी बढाइनेछ ।

**निर्णय नं. ३३**

घर बहाल कर को हकमा स्थानिय स्वयत्त शासन नियमावलीमा उल्लेखीत प्रावधानहरुको लागी घर बहाल कर चालु वर्ष देखी नै संकलन गर्ने पकृयालाई उद्योग वाणिज्य संघको साझेदारीमा अगाडी वढाउने यसको लागि उद्योग वाणिज्य संघले १.५% कर न.पा लाई र ०.५% कर उद्योग वाणिज्य संघले लिइने छ ।

**निर्णय नं. ३४**

फोहोरमैला वजार व्यवस्थापनको कार्यलाई नगरपालिकाले निजी क्षेत्र सँगको साझेदारीमा .तथा सहकार्यमा गरिदै आएको कार्यलाई निरन्तरता दिने निर्णय गरीयो ।

**निर्णय नं. ३५**

यस न.पा. क्षेत्रमा वाल श्रम निषेध अभियानलाइ तिव्रताका साथ लागु गर्ने सम्वन्धीत निकायको सहयोग समन्वय सहकार्यमा कार्य आरम्भ गर्ने निर्णय गरीयो ।

**निर्णय नं. ३६**

Comprehensive Urban Development Plan को लागी सम्वन्धीत निकाय संघिय मामिला तथा स्थानिय विकास मन्त्रालयसँग आवश्यक वजेट निकासा माग गर्ने निर्णय गरीयो ।

**निर्णय नं. ३७**

आर्थिक वर्ष २०७२/७३ को आय व्ययको  आन्तरिक लेखा परीक्षण गरी अन्तिम लेखा परीक्षणको लागि लेखापरिक्षक नियुक्तीका लागि वोर्डले गरेको निर्णयलाई अनुमोदन गर्ने निर्णय गरीयो ।

**निर्णय नं. ३८**

गत आ.व. ०७२/०७३ को अन्तिम लेखा परीक्षणले औंल्याएका बेरुजु सम्परीक्षण गर्न आवश्यक पहल गर्नुका साथै प्रतिवेदनमा दिईएका सुझावलाई क्रमशः कार्यान्वयन गर्दै लगिने छ, साथै साविक गा.वि.स मा देखिएका पेश्की तथा वेरुजुलाई असुली गरी सम्परीक्षण गर्ने कार्य लाई अगाडी वढाउने कार्यालयलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३९**

यस अघि गत आ.व. र हाल सम्ममा आगामी परिषदबाट अनुमोदन गर्ने भनी सर्वदलिय बैठक सहितको वोर्डवाट  निर्णय भएका आयोजना, कार्यक्रम तथा प्रशासनिक खर्चहरु यस परिषदबाट अनुमोदन गर्ने निर्णय गरियो । साथै आ.व. ०७२/७३ मा भएका सम्पूर्ण चालु तथा पुजीगत खर्चहरु, फरफारक गरिएका आयोजनाको जाँचपासको कार्य र हाल सम्म भएका चालु तथा पुजिगत खर्चहरु र बोर्डबाट भएका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरीयो ।

**निर्णय नं. ४०**

जिल्ला विकास समिति सँग राजश्व बाँडफाँड वापतको ३५% देखि ५०% सम्म मध्य यस क्षेत्र सँग सम्बन्धित कारोबारको  ५०% माग गर्न जि.वि.स. रामेछापलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४१**

जिल्ला विकास समितिको कार्यालयवाट यस कार्यालयमा काजमा आउनु भएका ना.सु. ढाल बहादुर कार्कीलाई साविकमा दिईदै आएको प्रोत्साहन भत्ता अर्को आदेश वा व्यवस्था नआउञ्जेल चालु बर्षमा समेत निरन्तर दिईने निर्णय गरियो । साथै साविकमा कार्यकारी अधिकृत र लेखापाललाई दिईदै आएको मासिक प्रोत्साहनलाई निरन्तर (आन्तरिक आयबाट) दिईने निर्णय गरियो ।

**निर्णय नं. ४२**

साविकमा दिदै आएको यस न.पा.मा करारमा कार्यरत सवै कर्मचारीहरुलाई सरकारी पोसाक सुविधाको लागी आन्तरिक आयश्रोतवाट व्यहोर्ने गरी वार्षिक रु ७५००।-दिने निर्णय गरियो ।

**निर्णय नं. ४३**

स्थानीय स्थानीय स्वायत्त शासन ऐन २०५५ को दफा ९६ (१) को खण्ड (ञ) को उपखण्ड (३) अनुसार यस न.पा. क्षेत्र भित्र रहेका ऐलानी तथा सरकारी जग्गाहरुको संरक्षण गर्न वोर्ड वैठकलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४४**

यस मन्थली नगरपालीका भित्र पर्ने सावीक गा.वि.स. अन्तर्गत कार्यरत स्वास्थ्य स्वयम सेविकाहरुलाई परिचालन तथा व्यवस्थापन गर्नको लागि आवश्यक वजेटको व्यवस्था मिलाउने निर्णय गरीयो ।

निर्णय नं. ४५ :

यस मन्थली नगरपालीका कार्यालय भित्र रहेका स्वास्थ्य आमा समुह सञ्जाल मार्फत सुत्केरी सेवा कार्यक्रम सञ्चालनको लागिवजेट बिनियोजन गर्ने निर्णय गरीयो ।

निर्णय नं. ४६ :

कठजोर र सालु साविकगा.वि.स.को स्वास्थ्य सेवामा कार्यरत कर्मचारीलाई दिदैं आएकोमा प्रोत्साहन स्वरुप मासिक रु. ६००० ।- का दरले दशैखर्च समेत गरि जम्मा १३ महिनाको पारिश्रमिक दिने निर्णयलाई निरन्तर गर्ने निर्णय गरियो ।

निर्णय नं. ४७ :

नगरपालिका फोहोर मैला व्यवस्थापन वापत रकम संकलन गर्नेलाई उठेको रकमको १० प्रतिशत दिने निर्णय गरियो ।

निर्णय नं. ४८

यस क्षेत्रको डम्पिङ साइटको लागि उपयुक्त स्थानमा जग्गा छनौट गर्न सर्वपक्षिय सरोकारवालाहरुको समेत सहभागिताबाट सहमत गरी प्रतिवेदन दिन नगरपालिकामा प्रतिनिधित्व गर्ने राजनितिक दलको संयोजकत्वमा सर्वदलिय गठन गरी उक्त स्थान को जग्गा छनौट गर्न वार्डलाई अधिकार प्रत्यायोजन गर्ने र ल्यान्डफिल्ड साइटको लागि आवश्यक रकम निकाशाको लागि सम्बन्धित निकाय सँग माग गर्ने निर्णय गरियो ।

निर्णय नं. ४९

यस क्षेत्रमा सभा हलको उपयुक्त व्यवस्था नभएकोले उक्त सभा हलको लागि सम्बन्धित निकायमा निकासाको लागि लेखि पठाउन निर्णय गरियो ।

निर्णय नं. ५०

यस न.पा.क्षेत्रको फोहोर मैला व्यवस्थापन सार्वजनिक निजी साझेदारी अन्तर्गत Zero Landfill site को अवधारण अर्न्तगत वार्षिक संस्थागत रुपमा गर्ने कार्यलाई निरन्तरता दने निर्णय गरियो ।

निर्णय नं. ५१

यस नगरपालिकालाई मन्त्रालयबाट प्राप्त स्वीकृत दरवन्दी संरचना बमोजिम तपसिलका दरवन्दीहरुको स्वीकृत गर्ने निर्णय गरीयो ।

| सि.नं. | पद विवरण | संख्या | कैफियत |
|---|---|---|---|
| १ | कार्यकारी अधिकृत | १ | |
| २ | लेखापाल | १ | |
| ३ | सिभिल ईन्जीनियर | १ | |
| ४ | सव ईन्जिनियर | २ | |
| ५ | सहायक पाचौं | ३ | |
| ६ | सहायक चौथौं | १४ | |
| ७ | असिस्टेन्ट सव ईन्जीनियर | २ | |
| ८ | सहायक चौथौं अमिन | १ | |
| ९ | सवारी चालक हलुका | १ | |
| १० | सवारी चालक हेभी | १ | थप सिंजना गरीएको |
| ११ | कार्यालय सहयोगि | ९ | |
| | जम्मा | ३६ | |

निर्णय नं. ५२

यस कार्यालयमा करारमा कार्यरत कर्मचारीहरुलाई खाईपाई आएको तलवमा कार्यबोझको हेरी नेपाल सरकारको प्रचलित स्केल बमोजिम ०७३ श्रावण देखि गतेदखि लागु हुने गरी तलव वृद्धि गरी निजहरुको सेवा अवधि प्रचलित कानुनको अधिनमा रहि ०७४ असार मसान्त सम्म म्यादथप गर्ने गरी निर्णय गरियो ।

निर्णय नं ५३

चालु आ.व र आगामी आ.व का योजनाहरु सम्वन्धीत योजनाहरुको शिर्षक परिवर्तन गर्न माग भै आएमा माग वमाजिम संशोधन गर्ने अधिकार नगरपालिका वोर्डलाई अधिकार दिन निर्णय गरियो ।

निर्णय नं ५४

तिनतले होटल देखि वसपार्क सम्मको पैदल यात्राको लागि फुटपाथ निर्माण गर्ने निर्णय गरियो ।